फुङलिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फुङलिङ, ताप्लेजुङ

प्रदेश नं १, नेपाल

## विद्यालयहरुको लेखापरीक्षण गर्न इच्छुक दर्तावाला लेखापरीक्षकहरुलाई निवेदन दिने सूचना ।

**(सूचना प्रकाशित मितिः२०७५/०८/१८)**

फुङलिङ नगरपालिका स्थानीय सरकार सञ्चालन ऐन,२०७५ को परिधि भित्र रही नगरपालिका भित्र रहेका विद्यालयहरुको लेखापरीक्षक नियुक्ति गर्ने क्षेत्राधिकार नगरपालिकाको रहेको हुँदा र संघीय शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १७१ अनुसार यस फुङलिङ नगरपालिकामा सञ्चालित सामुदायिक एवं संस्थागत विद्यालयहरुको आ. व.२०७४/०७५ को वार्षिक लेखापरीक्षण गर्न निम्न प्रक्रियाबाट लेखापरीक्षक नियुक्ति गर्ने निर्णय भएको हुँदा लेखापरीक्षण गर्नका लागि इच्छुक दर्तावाला लेखा परीक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न कागजात सहित रु १० को टिकट टाँस गरी निवेदन दिन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**सूचीकृत र नियुक्ति प्रक्रियाः**

१. नगरपालिकाको कार्यालयमा लेखापरीक्षण गर्न इच्छुक लेखापरीक्षकहरुको निवेदन छानविन गरी योग्यता पुगेका लेखापरीक्षकहरुको विवरण विद्यालयहरुलाई उपलब्ध गराइनेछ।

२. विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयमा उल्लेखित लेखापरीक्षकहरु मध्ये कुनै तीन जना लेखापरीक्षकहरुको नाम नियुक्तिका लागि नगरपालिकाको कार्यालयमा सिफरिस गर्नु पर्नेछ।

३. विद्यालयले सिफारिस गरेका लेखापरीक्षकहरु मध्येबाट एक जना लेखापरीक्षक नगरकार्यपालिकाको कार्यालयले नियुक्ति गर्नेछ।

**निवेदन साथ संलग्न हुनु पर्ने कागजागहरुः**

१. नेपाल चार्टर एकाउन्टेन्ट्समा दर्ता भएको प्रमाण पत्रको फोटोकपि
२. नेपाल चार्टर एकाउन्टेन्ट्समा २०७५/०७६ को लागि नवीकरण भएको प्रमाण पत्रको फोटो कपि
३. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको फोटो कपि
४.आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाण पत्रको फोटो कपि।

..............................
श्रवण कुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

(श्रवण कुमार पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत